annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १९२, पृष्ठ ८ | काठमाडौं, बुधवार ३ मंसिर २०८२ | मार्ग कृष्णपक्ष चतुर्दशी, नेपाल संवत् ११४६ | WEDNESDAY, NOVEMBER 19, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०


कभर स्टोरी

# अन्तरिम सरकारका दीर्घकालीन निर्णय, न्यायालयको ‘रोक’

पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार गठन प्रक्रियाको वैधानिकता संवैधानिक परीक्षणमा छ। अर्कोतर्फ तोकिएको मिति (फागुन २१) मा निर्वाचन सम्पन्न गर्न साढे तीन महिनामात्र बाँकी छ। दुई महिनाको अवधिमा सरकारले गरेका झन्डै आधा दर्जन निर्णयहरू वैधानिकताको पर्खाइमा छन्। सर्वोच्चका पूर्वन्यायाधीश अनिल सिन्हा कानुनमन्त्री छन्। संवैधानिक कानुन व्यवसायी मञ्चका अध्यक्ष ओमप्रकाश अर्याल गृहमन्त्री छन्। कानुनी तथा न्यायिक क्षेत्रमा दशकौं बिताएका दिग्गजहरू सम्मिलित अन्तरिम सरकारको अर्जुनदृष्टि चुनावीभन्दा अन्यत्रै मोडिँदा आलोचित हुन पुगेको छ। जेन-जी आन्दोलनको जगमा बनेको चुनावी सरकारका विवादास्पद निर्णयले ‘शक्ति-सन्तुलन’ को टकराव देखिने त होइन ? भन्नेमा संविधानविद्हरू चिन्तित छन्।

समाचार पृष्ठ २

दिनेश गौतम | काठमाडौं
– को रिपोर्ट




| सरकार/मन्त्रीका निर्णय | मिति | सर्वोच्च अदालतका आदेश |
|---|---|---|
| ११ जना राजदूतलाई मात्र छनोट गरी पदमुक्त गरेर फिर्ता बोलाउने | असोज ३० २०८२ | सरकारको निर्णय कार्यान्वयन नगर्न नगराउन अन्तरिम आदेश |
| भूमि समस्या समाधान आयोग र यसको जिल्ला समिति खारेज गर्ने निर्णय | असोज २३ २०८२ | सरकारको निर्णय कार्यान्वयन नगर्न,नगराउन अल्पकालीन अन्तरिम आदेश |
| भदौ २३ र २४ को घटना छानबिन गर्न गठन गरेको गौरीबहादुर कार्की अध्यक्ष रहेको जाँचबुझ आयोग गठन | असोज ५ २०८२ | कारण देखाऊ, लिखित जवाफ पेस गर्नू |
| ऊर्जा,जलस्रोत तथा सिँचाइ मन्त्रीले कुलमान घिसिङबाट विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट हितेन्द्रदेव शाक्यलाई हटाउने निर्णय | भदौ ३० २०८२ | कारण देखाऊ, लिखित जवाफ पेस गर्नू |
| नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीको सिफारिस बमोजिम राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रतिनिधिसभाको विघटन। | भदौ २७ २०८२ | कारण देखाऊ, लिखित जवाफ पेस गर्नू |

## अमेरिकाले साउदी अरबलाई एफ–३५ लडाकु विमान बेच्ने

**वासिङ्टन डीसी** (एजेन्सी) : अमेरिकाले संसारको सबैभन्दा उन्नत लडाकु जेट मानिने एफ-३५ लडाकु विमान साउदी अरबलाई बेच्ने भएको छ। राष्ट्रपति डोनाल्ड ट्रम्पले साउदी राजकुमार मोहम्मद बिन सलमानसँगको ह्वाइट हाउसको बैठकअघि पत्रकारहरूलाई यस्तो बताएका हुन्। ‘हामी एफ-३५ जेट बेच्नेछौं’, ट्रम्पले भने, ‘उनीहरू ठूलो सहयोगी भएका छन्।’

यी दुई नेताहरूले मंगलबारको ह्वाइट हाउस भ्रमणको क्रममा रक्षा र नागरिक आणविक शक्तिसम्बन्धी सम्झौताहरूमा छलफल गर्नेछन्। पत्रकार जमाल खसोग्गीलाई सात वर्षअघि साउदी एजेन्टहरूको हातबाट मारेर टुक्राटुक्रा पारिएपछि साउदी नेताको अमेरिकामा यो पहिलो भ्रमण हो।

राजकुमार मोहम्मदको अन्तिम भ्रमण सन् २०१८ मा ट्रम्पको पहिलो कार्यकालको समयमा भएको थियो। सोही वर्ष इस्तानबुलमा खशोग्गीको हत्या भएको थियो।

पूर्वराष्ट्रपति जो बाइडेनले अमेरिकामा राजकुमारलाई स्वागत गरेनन्। उनले सन् २०२२ मा अन्य मुद्दाहरूमा सम्झौता गर्न साउदी अरबको भ्रमण गरेका थिए। बाइडेनले उक्त बैठकमा खसोग्गीको हत्याको मुद्दा पनि उठाएको बताए।

## सर्वोच्चद्वारा मधेस प्रदेशका मुख्यमन्त्री यादवलाई अंकुश

दिनेश गौतम | काठमाडौं

सर्वोच्च अदालतले मधेस प्रदेशको मुख्यमन्त्री नियुक्ति प्रक्रियामा संविधानले परिकल्पना गरेको संसदीय लोकतन्त्रको मूल्यमान्यता र पारदर्शितासमेतको गम्भीर प्रश्न प्रथम दृष्टिमै खडा भएको ठहर गर्दै मन्त्रिपरिषद्‌बाट संसदीय प्रक्रियाको मूल्यमान्यताविपरीत कुनै कार्यहरू नगर्न/नगराउन अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीशद्वय डा. नहकुल सुवेदी र सुनीलकुमार पोखरेलको संयुक्त इजलासले मंगलबार मुख्यमन्त्री परिषद्‌बाट कुनै पनि नीतिगत र दीर्घकालीन प्रभाव पार्ने निर्णय नगर्न, नगराउन अन्तरिम आदेश जारी गरेको हो। तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८ को ३ बमोजिम ठूलो दलको हैसियतले नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरेकी थिइन्। त्यसविरुद्ध कांग्रेसका कृष्णप्रसाद यादवसमेतले दायर गरेको रिट निवेदनमा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको हो। संविधानको धारा १६८ को उपधारा ३ बमोजिम मुख्यमन्त्री नियुक्त हुन सक्ने हो वा होइन



भन्ने विषय अन्तिम निर्णय हुँदाका बखत निरूपण हुने प्रकृतिको देखिएको आदेशमा उल्लेख छ।

‘मुख्यमन्त्री नियुक्ति प्रक्रियामा संविधानले परिकल्पना गरेको संसदीय लोकतन्त्रको मूल्यमान्यता र पारदर्शिताको गम्भीर प्रश्न खडा भएको देखिँदा निवेदनको अन्तिम किनारा नभएसम्म मन्त्रिपरिषद्‌बाट कुनै पनि नीतिगत र दीर्घकालीन प्रभाव पार्ने निर्णय तथा नगर्नू/नगराउनू,’ आदेशमा भनिएको छ, ‘नेपालको संविधानको १६८(४) बमोजिम विश्वासको मत प्राप्त गर्ने प्रक्रियामा हामीले अवलम्बन गरेको संसदीय प्रक्रियाको मूल्यमान्यताविपरीत कुनै पनि कार्यहरू नगर्नू/नगराउनू।’

बाँकी पृष्ठ ६

## गुप्तचरका कर्मचारी किन लगाउँछन् नेपाल प्रहरीको ड्रेस ?

अजवी पौड्याल | काठमाडौं

सिंहदरबारको दक्षिण गेट छेउमै छ, राष्ट्रिय अनुसन्धान विभागको मुख्य कार्यालय। झट्ट हेर्दा, नेपाल प्रहरीका कर्मचारी कार्यालयको सुरक्षामा खटिएको जस्तो लाग्छ। किनकि, उनीहरूले प्रहरीको जस्तै ड्रेस लगाएका हुन्छन्। तर, ती नेपाल प्रहरीका कर्मचारी भने होइनन्। अनुसन्धान विभाग (गुप्तचर) विभागकै कर्मचारी हुन्। त्यति मात्र होइन, अनुसन्धान विभागका निर्देशकको सुरक्षामा खटिने कर्मचारीले पनि नेपाल प्रहरीकै जस्तो ड्रेस लगाउने गरेका छन्।

प्रहरीकै जस्तो देखिने नीलो रङ्को ड्रेस अनुसन्धानका कर्मचारीले लगाएका हुन्छन्। जबकि, नेपाल प्रहरी र अनुसन्धान विभाग फरकफरक संगठन हुन्। नेतृत्व पनि फरकफरक हुन्छ। केही समयअगाडिसम्म त अनुसन्धान विभाग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयअन्तर्गत थियो। जेन-जी आन्दोलनपछि गठन भएको सरकारले गृह मन्त्रालय मातहत ल्याएको हो।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले अनुसन्धान विभागका कर्मचारीले लगाउने गरेको प्रहरीको ड्रेसको विषयमा धेरै जानकारी नभएको



बताए। ‘अहिले मात्रै होइन, पहिलेबाट नै लगाउने प्रचलन छ,’ प्रवक्ता काफ्लेले भने, ‘सायद केही नियमअनुसार नै यस्तो व्यवस्था भएको हुनुपर्छ। यसमा म धेरै जानकार छैन।’

नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग दुई फरक संगठन हुन्। दुवैको नेतृत्व र कमान्ड बेग्लाबेग्लै छ। सामान्यतया एउटा संगठनको ड्रेस अर्को संगठनले प्रयोग गर्न पाइँदैन। त्यसैकारण, नेपाल प्रहरीको ड्रेस अनुसन्धानका कर्मचारीले लगाउने गरेको भन्दै प्रहरीका केही अधिकारी रुष्ट छन्। उस्तै ड्रेस हुँदा ‘मिसयुज’ हुन सक्ने उनीहरूको आशंका छ। प्रहरी प्रवक्ता अभिनारायण काफ्लेले यस विषयमा बोल्न चाहेनन्।

बाँकी पृष्ठ ६



Islington College
Kamal Marg, Kamal Pokhari, Kathmandu
9801000300
01-5970012
/islingtoncollege
www.islington.edu.np